मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : ३२८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ कात्तिक २१ गते शुक्रबार (Friday, November 6. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

**सूचना**

**बेरोजगार सूचीमा नाम दर्ता गर्नेबारे सूचना**

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आगामी आ.व. २०७७/०७८मा १०० (एक सय) दिनको न्यूनतम् रोजगारीमा संलग्न हुने चाहने बेरोजगार व्यक्ति २०७६ चैत महिनाभर आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगार सूचीमा नाम दर्ता गर्नुहुन सूचित गरिन्छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग



**कोरोना महामारीकैबीच बिर्तामोड नगरपालिका-५स्थित वडा कार्यालयमा राष्ट्रिय परिचय-पत्रका लागि फोटो खिचाउने तयारी गर्दै । तस्वीर/पूर्वाञ्चल**

# कोभिडका बिरामीले प्राथमिक स्वास्थ्य सेवा समेत पाएनन्

**विनोद सापकोटा**

**झिलझिले, कात्तिक २०।** दमक-२की मुना धिमाल कोरोना संक्रमण भएपछि घरमै बसिन् ।

गत कात्तिक ३ गते कोरोना संक्रमण पुष्टि भएपछि अस्पतालमा उपचार गर्ने ठाउँ नपाएर उनले घरकै कोठालाई आइसोलेसन बनाइन् । धिमाल स्थानीय चिया बगानकी मजदुर हुन् । उनले भनिन्- 'शुरूमा ज्वरो आयो, पखाला चल्यो र जोर्नी दुखे । स्वाब परीक्षण गर्दा पोजेटिभ रिपोर्ट आयो तर निजी खर्चमै पीसीआर गरेर घरमै बस्नुपऱ्यो ।'

घरको आइसोलेसनमा बस्दा धिमाललाई निकै कठिन परेको थियो । श्रीमान् लगायत परिवारका अन्य सदस्यसँग अलग्गै बस्नुपऱ्यो । श्रीमान्ले पकाएर दिएको खानेकुरा खान्थिन् । तातोपानीमा बेसार र गुर्जोको मात्रा मिलाएर खान्थिन् । अहिले उनको शरीर तन्दुरुस्त बन्दै गएको छ । धिमाललाई प्रधानमन्त्री ओलीको निर्वाचन क्षेत्रकी बासिन्दा हुँ भन्नेमा गर्व लाग्थ्यो । २०७४ सालको प्रतिनिधिसभाको निर्वाचनमा ओलीलाई नै मत दिएको उनले बताइन् ।

धिमाललाई आश पनि थियो- दमकमा अस्पताल बनोस् । स्कूल र क्याम्पस बनून् । तर, यहाँ उनले सोचेभन्दा विपरीत भ्यू टावर, बुद्ध मूर्ति बन्ने योजना आएका छन् । एउटा गतिलो सरकारी अस्पताल बनाउने योजना आएको छैन । 'दुःख लाग्छ, बिरामी हुँदा दमकमा राम्रो उपचार पाइँदैन, बाहिर जानुपर्छ'- उनले भनिन् । दमकबाहेक गौरादह, गौरीगञ्ज, केर्खाजस्ता बजार प्रधानमन्त्री ओलीको निर्वाचन क्षेत्रमै पर्ने ठाउँ हुन् । यी ठाउँका जनतालाई स्वास्थ्योपचारका झापा माइपश्चिममा राम्रो अस्पताल छैन । यी ठाउँका जनता उपचारमा पुग्ने दमकका निजी अस्पताल निकै महंगा छन् । दमकका निजी अस्पतालले कोभिड-१९ को उपचार गर्दैनन् ।

प्रधानन्त्री ओलीले ठाउँ-ठाउँमा भाषण नै गर्थे- अब कोही पनि नेपाली बेरोजगार र भोकै बस्नुपर्ने छैन । उपचार नपाएर कोही मर्नुपर्ने छैन । तर, ओलीको भनाइ उनको आफ्नै निर्वाचन क्षेत्रमा उल्टो देखिन्छ । कोरोना महामारी शुरू भएको यतिका महिना यहाँ एउटा पनि कोभिड अस्पताल बनेन । कोही मान्छे साह्रै भए भने छिमेकी जिल्ला जानुपर्ने बाध्यता छ ।



दमकमा कोरोनाकै कारण २० जनाको मृत्यु भइसकेको छ । दमकलगायत ओलीको निर्वाचन क्षेत्रका कमल, गौरादह, गौरीगञ्जलगायत स्थानीय तहका कोरोना संक्रमितको विराटनगर र धरानमा उपचार हुने गरेको छ । कतिपय सर्वसाधरण अस्पतालमा बेड नपाएर घरैमा बस्न बाध्य छन् ।

दमक हस्पिटल, लाइफलाइन, ओम मेची, निम्स, एड्भान्स, क्यु एण्ड क्यु, नमस्ते पब्लिक, म्याक्स र दमक अस्पताल एण्ड रिसर्च सेन्टर अस्पताल छन् । तर, यी अस्पतालमा कोभिडका बिरामीको उपचार कक्ष छैन । यहाँका अस्पतालमा भेन्टिलेटर, सिटीस्क्यान, एमआरआइजस्ता सुविधा छैनन् । ती सुविधा विस्तार गर्नको लागि सरकारको ध्यान छैन ।

दमक नगरका स्वास्थ्य शाखाका संयोजक कुवेरप्रसाद भट्टराईले एडभान्सले कोरोनाका बिरामीको उपचार गर्नका लागि खाली घरबहालमा खोजेको जानकारी भएको बताए । उनले दमक क्षेत्रका अस्पतालका सञ्चालकले आफ्नो पहुँचमा आउने संक्रमितको अस्पतालमा उपचार गरे पनि दमक नगरलाई जानकारी नदिएको बताए ।

दमकसहित ओलीको निर्वाचन क्षेत्रमा हालसम्म कोरोनाले ३० जनाको ज्यान गइसकेको छ । दमकमा २०, गौरादहमा ५, गौरीगञ्जमा १ र कमल गाँउपालिकामा ४ जनाको कोरोनाले ज्यान गएको छ । क्षेत्रफल र जनसंख्या हिसाबमा निकै कम रहेको कमल गाउँपालिकाले भने पाँच शय्याको कोभिड अस्पताल बनाएको छ । भदौमै सञ्चालनमा आएको उक्त अस्पतालमा आइसीयू बेड छैन ।

'एक जना एमबीबीएस र दुई जना स्टाफ नर्सले अस्पताल चलाइरहेका छन्, अक्सिजनसम्म दिन सकिन्छ, अलि साह्रै परेका बिरामीलाई हामी अन्यत्रका अस्पताल पठाइदिन्छौं'- अध्यक्ष मेनुका काफ्लेले भनिन् । दमक नगरपालिकाले ३० शय्याको कोभिड अस्पताल बनाउन थालेको एक महिना पुगेको छ । सञ्चालनमा ल्याउन सकिरहेको भने छैन । नगरपालिकाका अनुसार दमक-२ बेलडाँगीमा कोभिड अस्पताल बनाउन थालिएको भर्खर एक महिना पुग्यो। अर्बौंका फुटकर योजनामा बजेट खन्याएको संघीय सरकारले कोभिड अस्पताल बनाउन भने सुको दिएको छैन ।

'अहिलेसम्म हाम्रै नगरपालिकाबाट छुट्टिएको एक करोड रुपैयाँ बजेट खर्च भइरहेको छ, संघीय सरकारबाट संसद विकास कोषको रकम खर्च गर्ने निर्देशनहरू छन्, तर रकम नै तोकेर आएको छैन'- उपमेयर गीता अधिकारी भन्छिन् । यो ३० शय्याको अस्पताल आइतबारदेखि प्रारम्भिक रूपमा सञ्चालनमा आउने उपमेयर अधिकारीले बताइन् । तर, यसको भौतिक संरचनालगायत पूरा बनिनसकेको अवस्थामा शतप्रतिशत सञ्चालनमा आउन समय लाग्ने छ ।


दमकमा सुरूमा कोभिड विशेष अस्पताल बनाउने योजनै थिएन । जब, मेयर रोम ओली आफैं संक्रमित भए, त्यसपछि गत असोजमा आम्दा अस्पतालमा १५ शय्या सञ्चालनमा ल्याइयो । त्यहाँ अहिले पनि पाँच शय्याको आइसीयूसहितको उपचार कक्ष छ । तर, यो पहुँच भएकाहरूलाई मात्रै हो । पहुँच नभएकाहरू कि बिर्तामोडको वीएण्डसी, कि धरान वा विराटनगर जान्छन् । अहिले बनिरहेको ३० शय्याको अस्पताल पनि [redacted] विस्तार

(बाँकी अन्तिम [redacted]ष्ठमा)

# भट्टराई परिवारले पाँच दिनमा सके मृत्यु संस्कार

**बिर्तामोड, कात्तिक २०।** बिर्तामोड-५ निवासी देवीप्रसाद भट्टराईको निधनपछि पाँच दिनमा नै उनको मृत्यु संस्कार कर्म सकिएको छ । हिन्दू सनातन धर्ममा मृत्यु संस्कारलाई १३ दिनमा सक्ने प्रचलन छ । तर, हिन्दू धर्म अन्तर्गतकै हरि धर्मका अनुयायीहरु रहेका भट्टराई परिवारले मृत्यु संस्कारलाई पाँच दिनमा सकेका छन् ।

सामाजिक अभियन्ता समेत रहेका निर्मल भट्टराईका पिता देवीप्रसादको गत कात्तिक १७ गते निधन भएको थियो । हरिभक्त सेवा संघ झापाका अध्यक्ष समेत रहेका देवीप्रसादको पाँच दिनमा मृत्यु संस्कारको कर्म सकिएको उनका दाजु सत्यनाथ भट्टराईले जानकारी दिए । हिन्दू धर्मभित्र पचासौं पन्थ रहेको र जसमध्ये हरि धर्म एक भएको हरिभक्त सेवा संघका निर्वतमान केन्द्रीय अध्यक्ष समेत रहेका सत्यनाथले बताए ।



धर्मभित्रका सास्वत सत्यलाई अंगीकार गर्दै त्यस भित्रका परिमार्जित कुरालाई परिमार्जन गर्दै मृत्यु संस्कारलाई पाँच दिनमा झारिएको उनको भनाइ छ । हरि धर्ममा जन्मदेखि मृत्युसम्मका सबै कर्ममा केही न केही फरक विशेषता छन्- सत्यनाथले भने - मृत्यु संस्कार गर्दा हामी पाँच दिनसम्म सेता वस्त्र लगाएर कर्म गरे पनि दान दातव्यमा कुनै खर्च गर्दैनौं, मृत्यु भएको वार्षिक तिथिमा एक वर्ष मात्रै कर्म गरेर पितृ सम्झन्छौं अन्य वर्ष धर्म गुरुको तिथिमा मृत आत्माको शान्तिको कामना गर्दै मन्दिरमा गएर सामुहिक मुक्ति प्राप्त होस् भन्दै प्राथना गर्दै आएका छौं ।

हरि धर्म झापासहित पूर्वका इलाम, पाँचथर, ताप्लेजुङ्ग, भारतका विभिन्न प्रान्तमा बसोबास गर्नेले मान्दै आएका छन् । यो धर्ममा ब्रम्हालाई प्रमुख र अन्य ३३ कोटी भगवानप्रति समेत भक्तिभाव राख्ने गरेको सत्यनाथको भनाइ छ । यो धर्ममा अडिमर्दनलाई गुरु मानिँदै आएको छ ।

अडिमर्दन ताप्लेजुङ्ग निवासी रहेको र उनले ज्ञान प्राप्ति गरेपछि १९८५ सालबाट यो धर्मको अनुयायी बढेर गएको बताइएको छ । भट्टराई परिवारले पनि यो धर्म तीन पुस्तादेखि मान्दै आएका छन् । स्व. देवीप्रसाद भट्टराईले अर्जुनधारामा करोडौं रुपैयाँको लागतमा सात वर्ष अघि यो धर्मको मन्दिर निर्माण गरेका थिए । यो धर्मको केन्द्रीय कार्यालय भने ताप्लेजुङ्मा रहेको छ ।

## लडेर एक जनाको मृत्यु

**तेह्रथुम, कात्तिक २०।** तेह्रथुम म्याङलुङ-९ सम्फरजुङ बस्ने ४१ बर्षीय बासुदेव लिम्बूको भिरबाट लडेर मृत्यु भएको छ ।

सोही स्थानमा रहेको जंगलबाट दाउरा लिई घरतर्फ आउने क्रममा लिम्बू एक्कासी भिरबाट लड्दा उनको मृत्यु भएको भनि आफन्तले प्रहरीमा खबर गरेका थिए ।

घटनाको जानकारी पाउनसाथ प्रहरी टोली खटी गई कानूनी कारबाही भइरहेको जिल्ला प्रहरी कार्यालय तेह्रथुमले जनाएको छ ।

## कोरोना: थप तीन हजार जनामा

**झापा, कात्तिक २०।** विगत २४ घण्टामा नेपालमा तीन हजार ५१ जनामा कोरोनाभाइरस सङ्क्रमण र १८ जनाको मृत्यु पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

सो अवधिमा १३ हजार ६८ वटा नमूनाको पीसीआर विधिबाट परीक्षण गर्दा त्यति संख्यामा सङ्क्रमितहरू फेला परेका हुन् । काठमाडौं उपत्यकामा सर्वाधिक सङ्क्रमित फेला पर्ने क्रम जारी छ । काठमाडौं उपत्यकामा एक हजार तीन सय ९८ जनामा कोभिड-१९ पुष्टि भएको हो ।

यो सँगै नेपालमा पुष्टि भएका सङ्क्रमितको कुल संख्या १ लाख ८५ हजार ९ सय नाघेको छ । तीमध्ये ७९.८ प्रतिशत अर्थात् १ लाख ४८ हजार ४ सय ८ जना निको भइसकेका छन् । कोभिड-१९ सँग सम्बन्धित कारणले १,०५२ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ । विगत २४ घण्टामा तीन हजार चार सय ३० जना निको भएको मन्त्रालयले जनाएको छ । अहिले देशभरि ३६ हजार पाँच सय १४ जनामा सक्रिय संक्रमण छ । तीमध्ये आधाभन्दा बढी काठमाडौं उपत्यकामा छन् ।

**खुल्यो ! खुल्यो !! खुल्यो !!!**

हाम्रो शहर बिर्ता[redacted]
गोल्ड स्टार [redacted]



यहाँ [redacted]
कम्पनी[redacted]
चप्पल[redacted]
शुप[redacted]



**आर. के. इन्टरप्राइजेज**
मुक्तिचौक दुर्गामन्दिरबाट १५० मी.पूर्व काँकरभिट्टा रोड, बिर्तामोड, झापा
फोन नं. ०२३-५४०४२१, मो. ९८४२७१६७०७

**हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-४ झापाको**

**आठौं वार्षिक साधारणसभा तथा दोस्रो एकीकरण सभाको कार्यक्रम स्थान परिवर्तन सम्बन्धी अत्यन्त जरुरी सूचना**

यस संस्थाको आठौं वार्षिक साधारणसभा तथा दोस्रो एकीकरण सभाको पूर्व निर्धारित स्थान कन्काई पार्टी प्यालेस, दमक गरिएकोमा दमक नगर क्षेत्रमा कोडिभ-१९को संक्रमण बृद्धि भइरहेकोले जिल्ला प्रशासन कार्यालय र स्थानीय प्रशासनले पनि दमक क्षेत्रमा भीडभाडसहित कार्यक्रम नगर्न सूचना जारी गरेको हुनाले उक्त स्थानमा तय भएको पूर्व निर्धारित कार्यक्रम स्थानलाई तपशिल बमोजिम परिवर्तन गरिएको जानकारी सम्पूर्ण शेयर सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**तपशिल**

**साधारणसभा सम्बन्धी अन्तिम कार्यक्रम :**
मिति : २०७७/०७/२७ गते विहीबार
स्थान : आर्दश व्याङ्क्वेट, पुरानो भद्रपुर रोड, आर्दश चौक — समय : ११:०० बजे

पुनश्चः
१. साधारणसभा सम्बन्धि अन्य सम्पूर्ण कार्यक्रमहरु यथावत रहनेछन् ।
२. साधारणसभा सम्बन्धी कार्यक्रममा सहभागी हुन कार्यालयमा उपस्थित हुँदा मास्कको अनिवार्य प्रयोग गर्नुहुन अनुरोध छ ।

**कोरोना भाइरस(कोभिड(१९) को संक्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं।**

पानीट्याङ्की भारतको सेवा काँकरभिट्टाबाटै

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**





ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले
ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।



सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्टसहरू उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**
पानीटंकीको पहिलो गल्ली दायाँ साइड

**VACANCY ANNOUNCEMENT**

**Purna Tunga Birtacit**[redacted]Birta[redacted]ode, Jhapa announces va[redacted]

| Designations | [redacted] | [redacted]ce |
|---|---|---|
| Medical Officer (M.O[redacted] | [redacted] | [redacted]nce |
| PCL-Nursing (SN) | [redacted] | [redacted]nce |
| Health Assistant (HA[redacted] | [redacted] | [redacted]nce, |
| Auxiliary Nurse Midwife (ANM) | [redacted] | [redacted]nce |
| Trolley Boy | [redacted] | |

Interested candidat[redacted]CV on the following email a[redacted]
**birtacityhospital@e[redacted]**
**Contact N[redacted]**

# शंकराचार्यपीठमा ५१ फिट अग्लो अर्धनारीश्वरको प्रतिमूर्ति





**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, कात्तिक २०।** झापाको अर्जुनधारा-१मा रहेको शंकराचार्यपीठमा ५१ फिट अग्लो अर्धनारीश्वरको प्रतिमूर्ति स्थापनाको तयारी थालिएको छ ।

शंकराचार्य पीठलाई नेपालकै नमूना तीर्थस्थलका रुपमा विकास गरेर लाने उद्देश्यले ब्रम्हाको अर्धनारीश्वरको प्रतिमूर्ति स्थापनाको तयारी थालिएको हो । जसका लागि ५ करोड रुपैयाँ लाग्ने शंकराचार्यपीठका अध्यक्ष लक्ष्मीप्रसाद खतिवडाले बताए । शंकराचार्यपीठमा अर्धनारीश्वरको मूर्ति स्थापनासँगै अर्जुनधाराको मात्रै मुहार नफेरिने बताउँदै अध्यक्ष खतिवडाले भने- अर्धनारीश्वरको मूर्ति पूर्वमै नरहेकाले मूर्ति स्थापनासँगै समग्र झापा नै दिव्यधाम हुन्छ ।

धार्मिक आस्थाको धरोहर मानिएको शंकराचार्यपीठ आफैमा तीर्थस्थल हो पीठमा प्रमुख व्यासाचार्य समेत रहेका खतिवडाले भने- यहाँ अर्धनारीश्वरको मूर्तिसंगै शिवको मन्दिर समेत निर्माण गरिन्छ । धार्मिक पर्यटनलाई बढावा दिँदै संसारभर रहेका नेपालीलाई सृष्टिको शुरुवात पछि मानिसको सृष्टि कसरी भएको थियो त्यस विषयमा जानकारी लिन सकिने तीर्थस्थलको तयारी गरिरहेका छौं ।

**अर्धनारीश्वर स्वरूप के-के छ महत्व ?**

अर्धनारीश्वर स्वरूप सृष्टिको उषाकालमा स्वयम् भगवान ब्रम्हाजीको समेत थियो- धामाका व्यासाचार्य खतिवडाले भने - जव ब्रम्हाजीको स्वरुप महिला र पुरुष गरी दुई भागमा विभाजन भएपछि यसलाई पछि भगवान शंकरले समेत अपनाएका थिए ।

सृष्टिकालमा भगवान ब्रम्हाको स्वरुप एकातर्फ नारी र अर्कातर्फ पुरुषको थियो- खतिवडाले भने- अहिले पनि हामी देख्छौं भगवान शिवको एकातर्फको गाला नारी र अर्का तर्फको गाला पुरुषको छ । शिवको अर्धनारीश्वर स्वरूप सृष्टिमा नर एवम् नारी अर्थात् पुरुष र महिला समानताको प्रतीक हो- व्यासाचार्य खतिवडाले भने । अर्धनारीश्वर सृष्टिको संरचनापछि ब्रह्माजीले जब मानिसको सृष्टि गरे, उनलाई के बोध भयो भने यो सृष्टि छिटै नाश हुन्छ किनभने उनले पुरुषको मात्र सृष्टि गरेका थिए । उनले मानस सृष्टि मात्र गरेका थिए । अर्थात् त्यो मैथुनी सृष्टि थिएन । उनले पुत्रहरू मात्र सृष्टि गरे पुत्री भएनन् । सृष्टि चलाउनका लागि सन्तानको आवश्यक पर्छ । त्यसलाई अघि बढाउनका लागि मैथुनको आवश्यकता पर्छ र मैथुनका लागि विपरीत लिंगीहरू अर्थात् महिला र पुरुष दुवैको आवश्यकता पर्छ । तर समस्या, ब्रह्माको मानस सृष्टिमा महिला भएनन् । यस्तो समस्याको समाधान गर्न ब्रह्मा शिवजीको शरणमा गए । उनले कठोर तपस्या गरे । ब्रह्माजीको तपस्याबाट प्रसन्न भएका शिवजीले समस्याको समाधानस्वरूप ब्रह्माजीका अगाडि आफ्नो अर्धनारीश्वर स्वरूप प्रकट गरे । यस रूपमा उनी आधा शिव थिए भने आधा शिवा । यसप्रकार शिवजीले मानिसलाई प्रजनन्शील बनाउने प्रेरणा दिएर सृजनको सन्देश दिए । त्यसपश्चात् ब्रह्माले महिलाको पनि सृष्टि गरे अनि उनीहरूमार्फत मैथुनी सृष्टिको शुरुवात गराएको पैराणिक ग्रन्थमा समेत उल्लेख भएको पाइन्छ ।

अर्धनारीश्वर स्वरूपमार्फत शिवजीले महिला र पुरुष समान छन् भन्ने कुरा दर्शाए । उनले महिला र पुरुष दुवै प्रकृतिका अभिन्न अंग भएको र यी दुईमध्ये कुनै एकको अभावमा सृष्टि सम्भव नहुने रहस्य बताए । शिवको अर्धनारीश्वर स्वरूपको आराधना गर्नु भनेको महिला र पुरुष अर्थात् शिव र शक्ति दुवैको आराधना गर्नु हो । यसकारणले अर्धनारीश्वर स्वरूपको ठूलो महत्व रहेको व्यासाचार्य खतिवडाको भनाइ छ । शंकराचार्य पीठलाई नेपालकै नमूना तीर्थस्थल बनाउने तयारी थालिएसँगै संघीय सरकारले समेत सहयोग गर्ने भएको छ । जसका लागि झापा क्षेत्र नम्वर २की सांसद पवित्रा निरौला खरेलले प्रतिनिधित्व गर्ने बताएको छ ।

प्राकृतिक सौन्दर्यताले समेत भरिपूर्ण रहेको यस ठाउँको विकासका लागि संघीय सरकारले समेत सहयोग गर्दै आएको र तीर्थस्थलका रुपमा विकास गरेर लान आफू लागीपर्ने अन्तर्राष्ट्रिय सम्वन्ध समिति सभापति समेत रहेकी निरौलाको भनाइ छ । यस क्षेत्रको विकास भएको खण्डमा समग्र झापाको विकास हुने उनको धारणा छ । अहिले संस्कृत विद्यालय सञ्चालनमा सरकारले केही सहयोग पुऱ्याए पनि अबका दिनमा यस ठाउँलाई नेपालको प्रमुख शक्तिपीठका रुपमा विकास गरेर लाने धारणा राखिन् ।

सनातन हिन्दूधर्मको आस्थाको रुपमा यो धामको विकास भइरहेको अर्जुनधारा नगरपालिका प्रमुख हरिकुमार रानाले बताएका छन् । ऐतिहासिक कालसंग जोडेर यस ठाउँलाई हेरिएकाले यस ठाउँको विकासका लागि नगरपालिकाले पहल गरिरहेको बताउँदै अध्यक्ष रानाले भने- यस ठाउँको विकासको लागि स्थानीयदेखि संघीय सरकारको समेत सहयोग जुटाएर दिब्यधाम निर्माणमा नगरपालिका अघि बढ्छ । यस ठाउँको विकासका लागि हिन्दू सनातन धर्मावलम्बीहरुले मात्र नभई अन्य धर्म मान्नेहरुले पनि सहयोग पुऱ्याइरहेको अध्यक्ष रानाले बताएका छन् ।

चुरे क्षेत्रसँग जोडिएको यो स्थान धार्मिक र सांस्कृतिक रूपमा मात्र नभई प्राकृतिक रूपमा समेत सुन्दर रहेको छ । यस्तै, साधुटारको रूपमा चिनिएको यो स्थान भने पौराणिक महत्वसँग जोडिएको स्थान हो । व्यासाचार्य खतिवडाका अनुसार यो स्थान पाण्डवहरूले वनवास जानुअघि धनुष वाण बिसाएको स्थान हो । सोही स्थानमा अझै पनि स्वामीको रूख रहेको छ । यस स्थानका बारेमा महाभारत ग्रन्थको वन र विराट पर्वमा समेत वर्णन गरिएकाले यो धार्मिक र पौराणिक स्थान रहेको उनको भनाइ छ । उनले भने- 'गरुड पुराणमा उल्लेख भए अनुसार यस स्थानमा २६ हजार ऋषिहरूले तपस्या पनि गरेका थिए । त्यसैले यो साक्षात धर्मस्थल पनि हो, जसलाई अर्धनारीश्वको प्रतिमूर्ति स्थापनापछि यसको महिमालाई अझ व्यापक बनाएर लाने खतिवडाले बताएका छन् ।

यहाँ २०३३ सालबाट संस्कृत विद्यालय समेत सञ्चालनमा छन् । यहाँ नेपाल तथा भारतका वटुकहरु अध्ययन गर्दै आएका छन् । साढे २ बिगाह क्षेत्रफलमा फैलिएको साधुटारमा पाँच हजार वर्ष पुरानो स्वामीको वृक्ष रहेको बताइदै आएको छ ।

## देवीबहादुरलाई पितृशोक



**बिर्तामोड, कात्तिक २०।** कालिञ्चोक सेक्युरिटी सर्भिस प्रालिका पूर्वाञ्चल शाखा प्रवन्धक देवीबहादुर अधिकारी खत्रीलाई पितृशोक परेको छ ।

बिर्तामोड-३ बिर्ताबजार निवासी खत्रीका पिता केशरबहादुर अधिकारी खत्रीको कात्तिक १८ गते मंगलवार ८१ वर्षको उमेरमा स्वर्गारोहण भएको हो । स्व. खत्रीका पाँच जना छोरा, पाँच जना छोरी, १० जना नाति, ११ जना नातिनी, एक जना पनाति र दुई जना पनातिनी रहेका छन् । खत्रीका छोराहरुमध्ये मोहनबहादुर अधिकारी खत्रीको २०५६ सालमा नै स्वर्गारोहण भइसकेको छ ।

स्व. खत्रीका छोराबुहारीहरुमा रामबहादुर-कृष्णमाया, देबीबहादुर-शारदा, टंकबहादुर-हरिमाया, जहरसिंह-राधिका अधिकारी खत्री रहेका छन् । त्यस्तै स्व. खत्रीका छोरीज्वाईंहरुमा उषा-हरिबहादुर न्यौपाने, कुमारी-हरि थपलिया, मायादेवी-काजी खड्का , खड्गकुमारी-खगेन्द्र कार्की, एलिसा-हेमकुमार भण्डारी रहेका छन् ।

स्व. खत्रीका छोराहरुमध्ये रामबहादुर पाथीभरा च्याउ उद्योग बिर्ताबजारका सञ्चालक, देबीबहादुर कालिञ्चोक सेक्युरिटी सर्भिस प्रालिका पूर्वाञ्चल शाखा प्रवन्धक, टंकबहादुर वैदेशिक रोजगारमा र जहरसिंह कपडा व्यवसायी रहेको बताइएको छ । स्व. खत्रीको बिर्तामोड-३ बिर्ताबजारमा रहेको निवासमा दशगात्र कर्म भइरहेको पारिवारिक श्रोतले जनाएको छ ।

## पटका बरामद

**झापा, कात्तिक २०।** झापाको भद्रपुर नगरपालिका-५ स्थित सीमा एरियाबाट करिव तीन लाख बराबरको पटका (अतिसबाजी) बरामद गरिएको छ ।

वडा प्रहरी कार्यालय भद्रपुरबाट खटिएको प्रहरी टोलीले उक्त परिमाणको विभिन्न प्रकारका पटकाहरु बरामद गरेको हो । भारतीय बजारबाट पटका खरिद गरी सीमा एरियामा लुकाईछिपाई राखिएको भन्ने विशेष सुराकका आधारमा खटिएको प्रहरी टोलीले भद्रपुर-५स्थित एरियामा लुकाई छिपाइ राखिएको तीन लाख बराबरको पटकाहरु बरामद गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।





## धानको बाला झुण्ड्याउने थारु समुदायको चलन

**झापा, कात्तिक २०।** थारु समुदायको मूल पेसा कृषि हो । कृषि पेसा अंगाल्ने थारुहरु पर्यावरणीयमा पनि विशेष ध्यान दिने गर्छन् ।

धानबाली भित्र्याएसँगै थारु समुदायको गज्जबको चलन भनेको धानका बालाहरुको विभिन्न आकृति बनाई घरमा झुण्ड्याउनु पनि हो । पशुपन्छीका लागि आहारविहारको व्यवस्था गरिदिन थारुहरुले धानका बालाहरुको विभिन्न आकृति झुण्ड्याउने गरेको थारु संस्कृतिविद् एवम् लेखक हृदयनारायण चौधरीले जानकारी दिए ।

उनका अनुसार थारुहरु आफ्ना लागि मात्र नभएर आफ्ना बासस्थान वरपर रहेका चराचुरुङ्गीहरुका लागि आहारविहारको व्यवस्था गर्न धानका विभिन्न आकृति बनाउने गर्छन् । यसले घरको शोभा पनि बढाउने र उनीहरुका लागि भोजन पनि हुने विश्वास थारुहरुमा रहिआएको उनले बताए ।



## कोभिडको ...

गर्न खोजिरहेका छौं'- अधिकारी भन्छिन् ।

दमकमा कोभिड अस्पताल बनाउन किन ढिलोरु प्रश्नमा उनी भन्छिन्- 'कोभिड विशेष अस्पताल बनाउन आवश्यक पर्ने पूर्वाधार जुटाउन समय लाग्ने रहेछ, चाडवाड, दसैं गर्दागर्दै केही ढिलो हुन गयो ।' दमकको झण्डै दुई लाख जनसंख्याका लागि भरपर्दा अस्पताल नभएर विराटनगर र धरान जानुपरेको डाक्टरहरू बताउँछन् ।

दमकमा सिटिस्क्यान र एमआरआई हुँदैन । आम्दा र लाइफलाइनमा दुई-दुई शय्याका भेन्टिलेटर बेड छन् । 'यहाँका ७० प्रतिशत मानिस सिटीस्क्यान र एमआरआई गर्न धरान, विराटनगर जान्छन्'- आम्दाकै डाक्टर नवीन ढकाल भन्छन्- 'दमकमा प्रसूतिका लागि राम्रो उपचार छ, अन्य सुविधा चाहिँ छैनन ।' दमकमा सरकारी अस्पताल एउटा छ । १५ शय्याको उक्त अस्पताल विस्तार गरेर ५० बेड बनाउने योजना भने छ । तर, बेलैमा स्तरोन्नति भएको भए कोरोना महामारीका बेला अस्पताल प्रयोग गर्न सकिन्थ्यो ।

प्रधामन्त्री ओलीले गृहनगर दमकमा भ्यू टावर निर्माण गर्न आफ्नै बुताले १ अर्ब ३८ करोड १८ लाख रुपैयाँ भित्र्याए । 'भ्यू टावर निर्माणमा खर्च गरिने पैसाले दमकमा सुविधा सम्पन्न अस्पताल खोलेको भए आज जनताका लागि अस्पताल थियो भनेर सम्झिन पाइने थियो'- दमक-७की मीना कोइरालाले भनिन्- 'दमक आउँदा आफ्नो निर्वाचन क्षेत्र हेर्न लागि भ्यू टावर बनाउनु भएको होला ।'

क्षेत्र नम्बर ६को प्रतिपक्षी दल नेपाली कांग्रेसले दमक छिमेकी पालिकाले कोभिड अस्पताल आवश्यक देख्यो, तर दमक नगरपालिकाले पर्वाह गरेन । 'स्वास्थ्यको मामलामा दमक नगरपालिका निल छ, हामीलाई केही दिनअघि सर्वपक्षीय बैठकमा डाक्दा कुरा उठायौं, बल्ल अस्पताल बन्दै छ- भने । नेपाली कांग्रेस क्षेत्र नम्बर ६ का सभापति ढुण्डी भण्डारीले भने- 'मानिसहरू लावारिस मर्नुपर्ने अवस्था छ ।' ओलीको निर्वाचन क्षेत्रमा चीन-नेपाल इण्डस्ट्रियल पार्कका लागि जग्गा अधिग्रहण सकेर मुआब्जा वितरणको काम भइरहेको छ । पार्क बनाउनका लागि ९ सय ४२ बिगाह जग्गा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिडेटका नाममा ल्याइएको छ ।

दमकमा सभागृह निर्माण हुँदैछ । दमकमा डेढ अर्ब बढी लगानीमा 'भ्यू टावर' निर्माणको काम भइरहेको छ । संघीय सरकारका ठूला योजना हेर्ने कार्यालय सघन सहरी तथा भवन निर्माण आयोजना झापाका अनुसार हालसम्म भ्यू टावरमा ३० करोड खर्च भइसकेको छ । सभागृह २८ करोड ४० लाख रुपैयाँको लागतमा बनिरहेको छ । प्रारम्भमा १ अर्ब ५५ करोड रुपैयाँको लागतमा निर्माण थालिएको भ्यू टावरको लागत बढेर विस्तृत परियोजना प्रतिवेदनमा २ अर्ब ७४ करोड लाग्ने अनुमान छ ।

दमक ३ मा निर्माण हुने बुद्ध मूर्तिको डीपीआर तयार भइसकेको छ । १५ अर्ब ७५ करोडको लागतमा निर्माण हुन लागेको यो परियोजना २ सय ६५ बिगाहमा रहने छ । बुद्ध मूर्ति बन्ने भनिएको दमक-३ मा जग्गा प्राप्त भइसकेको छ । नदी नियन्त्रणदेखि औद्योगिक क्षेत्रसँगै विश्वकै अग्लो मूर्ति बनाउने योजना उत्तरी छिमेकी देश चीनको लगानी हुँदैछ । ओलीले गृहनगर दमकमा योजनाका चाङ ल्याएका छन् । ओलीको अग्रसरतामा निर्माण गरिएका योजनामा चिनियाँ लगानी छ । त्यसमध्ये दमकमा बन्ने चाइना-नेपाल औद्योगिक क्षेत्रका लागि ६४ अर्ब लगानी स्वीकृत भइसकेको छ ।

तीन खर्ब ३३ अर्बको यो योजनापछि मुलुककै सबैभन्दा ठूलो औद्योगिक क्षेत्र हुने दाबी गरिएको छ । तर, दमकमा गतिलो अस्पताल नहुँदा आधारभूत सेवा पाउनबाट नै बञ्चित हुनुपरेको स्थानीय बताउँछन् ।

नेकपा दमक नगरसचिव शंकर बस्नेत व्यंग्य गर्छन्- 'उहाँ भक्तपुरको प्रधानमन्त्री हो, दमकको हैन, दमकको माया लाग्थ्यो भने त उहाँले अस्पताल बनाइहाल्नु हुन्थ्यो नि ।'


**पेट्रोल पम्प बिक्रीमा**

सम्पर्कः ९८४२६७६४५२, ९८१४०५५१८५

**कर्मचारी आवश्यकता**

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु-आवश्यकता ।

कुक- २ जना वेटर- २ जना

डिसवासर- १ जना (महिलालाई प्राथमिकता)

सम्पर्कः ९८१४०१५१०४, ०२३-५४५४५७

**पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?**

चिन्ता नलिनुहोस् । अब प्रत्येक दिन रबिन आयुर्वेदिक फार्मेसी बिर्तामोडबाट पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, निःसन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

**रबिन आयुर्वेदिक फार्मेसी**

अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड

फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१

**साधारणसभा सम्बन्धी सूचना**

श्री सजिलो बचत तथा ऋण सहकारी संस्था लि.को १३औं बार्षिक साधारण कोभिड-१९को कारणले सरकारद्वारा गरिएको नियमलाई पालना गरी गर्नुपर्ने हुँदा सम्पूर्ण शेयर सदस्यहरुलाई यसै सूचनामार्फत निमन्त्रणा गर्दछ । यस संस्थाको साधारणसभा तपशिल बमोजिम मिति, स्थान र समयमा हुने निश्चय भएको हुँदा यसै सूचनालाई आधारमानी अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछ ।

मितिः २०७७ कात्तिक २० गतेदेखि मंसीर ४ गतेसम्म

स्थानः संस्थाको कार्यालय, बिर्तामोड-६, झापा

समयः विहान ११ बजेदेखि ३ बजेसम्म

**सुरेश ढकालः** अध्यक्ष

**श्री सजिलो बचत तथा ऋण सहकारी संस्था लि.**

बिर्तामोड-६, झापा (०२३-५४२२५०)

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।


**कमल गाउँपालिका**

गाउँ कार्यपालिकाको कार्यालय

तोपगाछी, झापा

१ नं. प्रदेश, नेपाल

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथमपटक प्रकाशित मिति २०७७/०७/२१**

यस गाउँपालिकामा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम(मेड्पा) सञ्चालनको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७को दफा ५ बमोजिम उद्यम विकास सहजकर्ताको छनौट गर्नुपर्ने भएकोले प्रचलित कानून बमोजिम योग्य नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएको राजश्व दस्तुर तिरी रसिदसहित आवेदन फारमको ढाँचामा दरखास्त गर्नुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघेर आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

| क्र.स. | विज्ञापन नं. | पद | संख्या | तह | नियुक्तिको किसिम |
|---|---|---|---|---|---|
| १ | १/२०७७/०७८ | उद्यम विकास सहजकर्ता | २ | चौथो | सेवा करार |

**१. आवश्यक न्यूनतम् योग्यताः**

क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उतीर्ण गरेको वा

ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उतीर्ण गरेको वा

ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टिएसएलसी) उतीर्ण गरेको ।

**२. उमेरः** कम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

**३. दरखास्त दिने अन्तिम मितिः** २०७७/०८/०५ (सार्वजनिक विदा भए सो को भोलिपल्ट)

**४. छनौटको किसिमः** लिखित तथा अन्तरवार्ता

**५. आवेदनका साथ संलग्न कागजातहरुः** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपीहरु नागरिकता न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्र चारित्रिक प्रमाणपत्र अनुभव खुल्ने कागजात २ प्रति पासपोर्ट आकारको फोटो

**६. सेवा सुविधाः** सम्झौता बमोजिम गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

**७. पदले सम्पादित गर्नुपर्ने कार्य विवरणः** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसुची १ बमोजिम हुनेछ ।

**८. दस्तुरः** रु. ५००/- (पाँच सय मात्र)

**९. सम्पर्कः** कमल गाउँपालिकाको कार्यालय, तोपगाछी झापा फोन नं.०२३-४७५०८१ (महिला तथा बालबालिका शाखा)

**प्रमुख प्रशासकीय अधिकृत**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# वैदेशिक रोजगारीलाई सुरक्षित बनाऊ

**नेपालको सन्दर्भमा वैदेशिक रोजगारी जीविकोपार्जनको एक प्रमुख माध्यमको रुपमा रहेको देखिन्छ । वैदेशिक रोजगारीले नेपालको गरिबी न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेलेको छ । वैदेशिक रोजगारबाट प्राप्त विप्रेषणले परिवारको तहमा मात्र नभई राज्यको समग्र आर्थिक सूचकलाई सन्तुलन गर्न ठूलो टेवा दिएको छ । वैदेशिक रोजगारी नेपालका लागि वैदेशिक मुद्रा आर्जनको सबैभन्दा ठूलो स्रोत रहेको छ र नेपालको आयातमुखी अर्थतन्त्र धान्नका लागि सबैभन्दा बढी योगदान दिइरहेको छ । यी सबै महत्वपूर्ण तथ्य तथ्याङ्कहरुका बाबजुद बैदेशिक रोजगारको क्षेत्र विभिन्न कारणले समस्याग्रस्त रहेको छ । विशेषगरी वैदेशिक रोजगारीमा जाने कामदार तथा तिनका परिवार र साथै राज्यले यस क्षेत्रबाट जुन मात्रामा लाभ पाउनुपर्ने हो त्यो प्राप्त गर्न नसकिरहेको परिस्थिति देखिन्छ । वैदेशिक रोजगारीमा जाने ठूलो संख्याका कामदार तथा तिनका परिवारहरु ठगी, शोषण तथा विभिन्न प्रकारका धोकापूर्ण अवस्थामा परेका देखिन्छन् भने यसैका कारणले राज्य, समाज तथा परिवारले बढ्दो सामाजिक लागतको भार समेत व्यहोर्नुपर्ने परिस्थिति सिर्जना भएको देखिन्छ ।**

**सुरक्षित आप्रवासन सम्बन्धी जनचेतना, प्रस्थान पूर्व आवश्यक सूचना तथा परामर्श, सीप विकास तालिमको लागि अभिप्रेरित तथा सहयोग, वैदेशिक रोजगारीका पीडितहरुलाई कानूनी उपचार, मनोसामाजिक परामर्श सहयोग, वित्तीय साक्षरता, गन्तव्य मुलुकमा समस्यामा परेमा सहयोग गर्ने लगायतका महत्वपूर्ण पाटाहरुमा अझै पूर्णता आएको छैन । अर्कोतर्फ वैदेशिक रोजगारी सम्बन्धी अनुसन्धान, सेवा प्रदायक संस्थाहरुको क्षमता विकास लगायतका क्षेत्रमा अझै काम गर्न बाँकी छ । सुरक्षित आप्रवासनको सुनिश्चितता र प्रवासीहरुको दीगो स्थानीय पुन:स्थापन प्रबर्द्धन सम्बन्धी विभिन्न तह, जिल्ला र प्रदेशमा कार्यक्रम र परियोजना लागू गरिएका छन् । तर, ती सबै कार्यक्रम अपर्याप्त छन् । बेरोजगार युवाहरुलाई सीपमूलक तालिम प्रदान गरी स्वरोजगारतर्फ उन्मुख गराउने कार्यक्रम लागू गर्न आवश्यक छ । सरकारले वैदैशिक रोजगारीमा जान तयारी र रोजगारीपछि स्वदेश फर्केका युवाको आप्रवासन अधिकार सुनिश्चित गर्न कार्यक्रम सञ्चालन गर्न आवश्यक छ ।**

**वैदेशिक रोजगारीमा संलग्न आप्रवासी कामदार र तिनका परिवारका सदस्यहरूको सामाजिक, आर्थिक लाभ र आम्दानी वृद्धि गर्ने, वैदेशिक रोजगारीबाट पीडित र बिरामी भई फर्केका कामदारको न्यायको पहुँच बढाउन सहजीकरण गर्दै न्यायिक सहयोग गर्ने पक्षमा सरकारी र गैरसरकारी दुवै पक्षबाट ध्यान जान जरुरी छ । वैदेशिक रोजगारीबाट पीडित भइ फर्केकाको लागि आश्रयको व्यवस्था गर्ने र वैदेशिक रोजगारीका क्षेत्रमा काम गर्दै आएका सरकारी निकायको कार्यक्षमता र क्रियाशिलता अभिवृद्धिमा पनि राज्यसँग सरोकारवाला सबै पक्षले सहकार्य गर्न आवश्यक छ । कामदारका लागि निर्धारित तालिम र अन्यको लागि पूर्वप्रस्थान र अभिमुखीकरण तालिम दिने दिलाउने, वित्तीय साक्षरता, मनोसामाजिक परामर्शलगायतका क्षेत्रमा सहयोग पुऱ्याउने काम हुन सके वैदेशिक रोजगारमा रहेका नेपाली कामदार र तिनका परिवार सम्बन्धित राज्य संयन्त्रबाट संरक्षित तथा गन्तव्य मुलुकको मर्यादित कार्य वातावरणबाट लाभान्वित हुनेछन् ।**

# के बलात्कारीलाई मार्न पाइन्छ ?


**बबिता बस्नेत**

> हत्या गर्न नसक्नेहरूले आत्महत्या गर्नुपर्ने अवस्था पनि विद्यमान छ । समाजमा बलात्कारले डरलाग्दो रूप लिइरहेका बेला फास्ट ट्र्याकबाट थप सजायसहितको कानून ल्याउन जति जरुरी छ, भइरहेको कानूनको तीव्र कार्यान्वयन पनि त्यत्तिकै आवश्यक छ ।

कसैलाई मार्ने त के मार्ने कल्पना मात्रै गर्नु पनि खराब सोच हो । हरेक मानिसले सकेसम्म जिन्दगी शान्तिपूर्वक बाँच्नुपर्छ, बाँच्न पाउनुपर्छ । तर, कहिलेकाहीँ जिन्दगीमा यस्ता आपत्कालीन क्षणहरू आउँछन् जसबाट जोगिनका लागि मानिसले अरूको हत्या गर्ने अवस्थामा पुग्नु पर्दोरहेछ । धनकुटाको महालक्ष्मी नगरपालिकाकी ३० वर्षीया एक महिला अहिले यस्तै हत्यामा संलग्न हुँदा प्रहरी हिरासतमा छिन् ।

कुनै दिन आफ्नो हातबाट कुनै मान्छेको हत्या गर्नुपर्ला भन्ने उनले सायदै सोचेकी थिइनन् । तर, यही २०७७ साल असोज २७ गते आफूमाथि बलात्कारको प्रयास भएपछि आत्मरक्षाका लागि उनले आफ्नै उमेरका एक पुरुषको हत्या गर्नुपऱ्यो । आफ्नो ११ वर्षीय छोरासहित घरमा सुतिरहेकी उनलाई गाउँकै लीलबहादुर नाम गरेका व्यक्तिले ढोका ढक्ढक्याई चुकल फुस्काएरभित्र पसी हातपात गर्न शुरु गरेपछि उनले ती व्यक्तिको हत्या गरेकी थिइन् । आमाले कराएपछि आफू निद्राबाट ब्युँझिदा आमालाई हातपात गरिरहेको देखेको उनका नाबालक छोराले मिडियामा बताउँदै गरेको दृष्य मन विक्षिप्त बनाउने खालको थियो । हत्या गरेपछि महिला आफैले प्रहरीमा जानकारी गराएकी थिइन् ।

पति वैदेशिक रोजगारीमा रहेकाले आफ्नो नाबालक छोरो



हुर्काएर एक्लै बस्दै आएकी ती महिलामाथि अकस्मात आइपरेको दुर्घटनाको न्यायिक प्रक्रिया कहाँ पुग्यो होला ? घरी-घरी मनमा प्रश्न उठ्न थालेपछि यो पंक्तिकारले यही २०७७ साल कात्तिक १७ गते सोमबार धनकुटामा रहेका पत्रकार र अधिवक्ता साथीहरूसँग सोधखोज गऱ्यो । ती महिला अहिले प्रहरी हिरासतमा रहेको जानकारी पाएपछि धनकुटा जिल्ला प्रहरी प्रमुख एसपी गोविन्द अधिकारीसँग मुद्दा के भइरहेको छ ? भनेर सोधेँ ।

घटनामा भेटिएका प्रमाणहरू सङ्कलन गरी अदालतमा पेश गर्ने तयारी भइरहेको जानकारी पाएपछि उहाँसँग सोध्ने अरू खासै प्रश्न थिएनन् । तर, मनमा भने ती महिलाले कहिले न्याय पाउँलिन् ? भन्ने प्रश्नले ठाउँ लिइरह्यो । आफ्नै आँखा अगाडि आमाको बस्त्र उतार्दै गरेको र आत्मरक्षाका लागि आमाले खुकुरी प्रहार गरेको दृष्यले ती नाबालक छोराको मस्तिष्कमा कस्तो असर परेको होला ? आमा प्रहरी हिरासतमा पुगेपछि उनको रेखदेख कसले गरिरहेको होला ? ती महिलाले न्याय पाएर गाउँ फर्किएपछि तिनलाई समाजले हेर्ने दृष्टिकोण र गर्ने व्यवहार कस्तो होला ? सहायक बनेर यी तमाम प्रश्नहरू अगाडि आए । कतिपय मुद्दामा दुःखी हुनका लागि आफ्नै जीवनमा आँधी आउनु पर्दैन, अरूको जीवनमा आएको विपद्ले मानिसलाई कैयौँ दिनसम्म 'डिस्टर्ब' बनाउन सक्छ । धनकुटा-घटना त्यसैमध्येको एउटा हो ।

बलात्कार गर्न आउँदैमा मान्छेको ज्यानै लिन हुन्थ्यो ? बलात्कारका नाममा मान्छे मार्न मिल्छ ? सजाय पो दिने हो, हत्या नै गर्नु उचित हुन्छ र ? कतिले यस्ता प्रश्न पनि गरेका सुनिन्छन् । हाम्रो कानूनले आत्मरक्षाका लागि कसैको हत्या हुन्छ भने त्यसलाई अपराध मान्दैन । कानूनतः बलात्कारीलाई तत्काल हत्या गर्न मिल्छ, पाइन्छ । मुलुकी अपराध संहिता २०७४ को दफा २४, २५ र २६मा यसको ब्यवस्था गरिएको छ । यी दफामा निजी रक्षाको लागि गरेको काम कसूर नमानिने अन्य धेरै कुरासहित बलात्कारलाई लिएर 'जबरजस्ती करणी गर्ने नियतले आक्रमण गरेको हो भन्ने मनासिव विश्वास भई वा जबरजस्ती करणी गर्दाका बखत वा गरिसकेपछि पीडितबाट तत्काल कुनै काम भएकोमा कसुर लाग्ने छैन' भनिएको छ । तत्कालीन मुलुकी ऐनको जबरजस्ती करणीको महल ८मा कुनै महिलालाई जबरजस्ती करणी गरेमा या गर्ने प्रयास गर्दा एक घण्टाभित्र रिस थाम्न नसकी बलात्कारीको हत्या गरेमा अपराध नठहरिने व्यवस्था थियो ।

हाम्रा शास्त्रहरूमा बलात्कारलाई अपराध मानेर त्यस्ता अपराधीलाई उचित दण्ड दिनुपर्ने उल्लेख छ । महाभारत यस्तो ग्रन्थ हो जहाँ सृष्टि र मानव जीवनमा हुने सबै प्रकारका घटना, दुर्घटना, उतार-चढाव, मानवीय प्रवृत्तिलगायतका कुरा उल्लेख छन् । महाभारतकी प्रमुखमध्ये एक पात्र द्रौपदीमाथि दुईपटक बलात्कारको प्रयास भएको थियो । एकपटक पाण्डवहरू बनबास गएका बेला आफ्नै नन्द दुसला (धृतराष्ट्र र गान्धारीकी छोरी) का पति जयद्रथले जङ्गलमा बलात्कारको प्रयास गर्छ । द्रौपदीले त्यतिबेला तिमी नन्दका पति मेरो ज्वाइँ हौ, के गरेको यस्तो ? भन्दै प्रतिकार गरेकी हुन्छिन् । अहिले हामीकहाँ घटनाक्रम र तथ्याङ्कलाई हेर्दा आफ्नै नातेदारबाट बलात्कृत हुनेहरूको संख्या धेरै छ ।

जयद्रथलाई त्यतिबेला चार पाटा मुडेर सजाय दिइएको थियो । जुन तात्कालीन समाजमा एउटा राजकुमारका लागि हत्या सरहको सजाय थियो । दोश्रोपल्ट पाण्डवहरू विराट राजाको दरबारमा अज्ञातबास बसेको बेला सेनापति किचकले सैरन्दरी नामले रानीकी सुसारे बसेकी द्रौपदीलाई बलात्कारको प्रयास गर्छ । त्यतिबेला राजाकै भान्से बसेका भीममार्फत सेनापति किचकको द्रौपदीले हत्या गर्छिन् । काम गर्ने सहयोगी, सुसारेहरूमाथिको यौन शोषण र बलात्कारको श्रृंखला त्यतिबेलादेखि नै रहेछ । अहिले पनि शक्तिशालीले निर्धामाथि नै यस प्रकारका कार्य गर्ने हुन् । मानिसको जीवनमा कहिलेकाहिँ शालिनता, शिक्षा, कुल, खानदान, दर्शन, उपदेश जस्ता कुराले काम नगर्ने समय आउँछ । महिलाको जीवनमा कसैले गर्ने बलात्कारको प्रयास या बलात्कार त्यस्तै समय हो । बलात्कार जुनस्तरको अपराध हो त्यस रूपमा हामीकहाँ हेरिएको छैन । रक्सी खाएको थियो होला, होसमा थिएन होला, त्यही महिलालाई किन त्यस्तो गऱ्यो होला त, महिलाकै गल्ती थियो कि, बलात्कारीको बाँच्ने अधिकार त खोस्न हुँदैनथ्यो या बाँच्न त जसले पनि पाउनुपर्छ ! यसो भन्दाभन्दै सयौँ वर्ष बितिसकेको छ । सकेसम्म मान्छे मार्न हुँदैन, मान्छे त के कुनै पनि प्राणीलाई मार्न हुँदैन तर आफू मर्ने अवस्था आएपछि मानिसले प्रतिरक्षा गर्न मिल्छ । बलात्कार गर्नु कसैको हत्याभन्दा सानो अपराध होइन । तर बलात्कारलाई हामी कहाँ सधैं सामान्य ढङ्गले लिइयो, लिइरहिएको छ । जसको परिणाम ८० वर्षकी हजुरआमादेखि ३ वर्षकी नातिनी पुस्तासम्मले भोगिरहेका छन् ।

२०४६ सालको प्रजातन्त्रपछि २०४७ साल वैशाखमा बनेको अन्तरिम सरकारमा योगप्रसाद उपाध्याय गृहमन्त्री हुनुहुन्थ्यो । सोही वर्ष राजधानीमा भएको बालिका बलात्कारको घटनालाई लिएर महिलाहरू गृहमन्त्रीकहाँ 'डिलिगेशन' गए । उहाँले बलात्कारबाट जोगिनका लागि महिलाले लामो नङ पाल्नुपर्ने र खुर्सानीको धुलो ब्यागमा बोक्नुपर्ने 'सुझाव' दिनुभयो । मन्त्रीको सुझावले आक्रोशित महिलाहरूले महिला सुरक्षा दबाब समूहको नामबाट आन्दोलन गरे । यो समूह अहिले पनि सञ्जालका रूपमा जीवित छ । यो ३० वर्षको बीचमा राज्य सञ्चालकहरूमा बलात्कारलाई लिएर हेर्ने दृष्टिकोण र निर्माण गर्ने नीति र दिने अभिव्यक्तिमा खासै फरक आएको छैन । २०४७ सालमा गृहमन्त्री योगप्रसाद उपाध्यायले सुरक्षाका लागि नङ र खुर्सानीको कुरा गर्नुभएको थियो, २०७७ सालमा गृहमन्त्री रामबहादुर थापा 'बादल'ले अन्य मुलुक हेरी बलात्कारको सवालमा हाम्रो देश त्यति नराम्रो अवस्थामा नरहेको अभिव्यक्ति दिनुभयो । त्यसअघि उहाँले बलात्कार हिजो पनि थियो, आज छ र भोलि पनि रहन्छ भन्नुभएको थियो । बलात्कारलगायत सबै मुद्दामा कानूनको कार्यान्वयन गराउनमा नेपाल प्रहरी र सरकारी वकिलको सबैभन्दा ठूलो भूमिका हुन्छ । उनीहरूले कसरी मुद्दा अगाडि बढाउँछन् पीडितले पाउने न्याय त्यसमा भर पर्छ । प्रहरीले एफआइआर (पहिलो जानकारी रिपोर्ट) नै दर्ता नगर्ने अनौठो चलन हामीकहाँ छ । कसैले जसलाई किटानी जहेरी दिए पनि दर्ता गर्नुपर्छ । को सही, को गलत भन्ने छानविन गर्दा थाहा हुने कुरा हो, थाहा भइहाल्छ । तर, कतिपय मुद्दामा फलानाको नाम हटाएर ल्याउ अनि मात्रै दर्ता हुन्छ भनेर किटानी जाहेरी नै दर्ता गरिँदैन । त्यसपछिका प्रक्रियाहरूमा पनि संवेदनशीलता अपनाएको पाइँदैन ।

धनकुटाकी महिलामाथि भएको घटनामा मुद्दा अगाडि बढाउन २४ दिन म्याद छँदैछ भनेर पर्खिनै नपर्ने हो । उनको मुद्दाको संवेदनशीलता हेर्दा 'फास्ट ट्र्याक'बाट न्यायिक प्रक्रिया अगाडि बढ्नुपर्ने हो, तर त्यस्तो हुन सकेको छैन । हाम्रो कानूनले गरेको परिभाषा अनुरूप उनी अपराधी नभई पीडित हुन् । उनले पाउने न्यायले महिलालाई कुनै पनि बेला जे पनि गर्न सकिन्छ भन्ने मानसिकता बोकेका मानिसलाई झस्काउनेछ । बलात्कारमा पर्ने सबै महिलाले अपराधीलाई मार्न सक्ने अवस्था हुँदैन । हत्या गर्न नसक्नेहरूले आत्महत्या गर्नुपर्ने अवस्था पनि विद्यमान छ । समाजमा बलात्कारले डरलाग्दो रूप लिइरहेका बेला फास्ट ट्र्याकबाट थप सजायसहितको कानून ल्याउन जति जरुरी छ, भइरहेको कानूनको तीव्र कार्यान्वयन पनि त्यत्तिकै आवश्यक छ । (घटना र विचार )

# औषधिजन्य बिरुवा चिनाउँदै कविराज लहेरी


**गणेश निरौला**

विश्वमा कति रोग पुरानिँदै गएका छन्, कति जटिल रोग सामान्य बनेका छन्, कति नियन्त्रणमा छन्, कति त उन्मुलन भएका पनि छन् । तर, नयाँ रोगको आगमन भने रोकिएको छैन । जति उन्मुलन भए, तीभन्दा बढी बिमार जन्मेका छन् । यसैले पनि स्वास्थ्य र चिकित्सा विज्ञान क्षेत्रमा काम गर्ने विज्ञले फुर्सदमा श्वास फेर्न पाएका छैनन् । तिनलाई नयाँ रोगले आच्छु-आच्छु पारेको देखिन्छ । शायद यो क्रम सँधै चलिरहला ।

सामान्यतयाः हाम्रामा उपचारका लागि अपनाइने पद्धतिहरु हुन् : एलोप्याथी, होमियोप्याथी, आयुर्वेद, घरेलु जडीबुटी र झारफुक (धामीझाँक्री) । यीमध्ये आयुर्वेद र घरेलु जडीबुटी आपसी साइनोसम्बन्ध भएका उपचार पद्धति हुन् भनिन्छ । नेपालमा आयुर्वेद चिकित्सा पद्धतिले एलोप्याथी जस्तो झाँगिएर डाँडाकाँडा ढाक्ने गरी फस्टाउन मलपानी र थाङ्ग्रो पाएको देखिँदैन तथापि यसलाई मर्न दिइएको पनि छैन । यस्तो अवस्थामा त्यस उपचार पद्धतिका विज्ञहरुबाट वैयक्तित प्रयासमै पनि प्रभावकारी र परिणाममुखी काम भइरहेका छन् । तर, तिनको प्रचारप्रसार भएको छैन । जनसामान्यले यस बारे पर्याप्त जानकारी पाउन सकेका छैनन् । यस्तै एक दुर्लभ दृष्टान्त हुन्- झापा, बुद्धशान्ति गाउँपालिका आयुर्वेद शाखाका वरिष्ठ कविराज (निरीक्षक अधिकृत) पुरण लहेरी । नरदेवी क्याम्पस र महेन्द्र संस्कृत विश्वविद्यालय, दाङबाट आयुर्वेद चिकित्सा विज्ञान अध्ययन सकेका लहेरीले २०५३मै बुधबारे आयुर्वेद अस्पतालमा सेवा दिन थालेका थिए । पछि, इलाम, पाँचथर र चन्द्रगढी सरुवा हुँदै पुनः बुद्धशान्ति आइपुगेका वरिष्ठ कविराज निरीक्षक लहेरीले बुधबारे आयुर्वेद अस्पतालको काँचुली फेराएका छन् । प्रदेश सरकार र जिल्ला आयुर्वेद अस्पतालको सहयोग जुटाएर अहिले अस्पताल भवनको तला थप्ने र कोठा निर्माण गर्ने काम गरेका छन् र ती थप कोठाहरुमा पञ्चकर्म तथा पूर्वकर्म थेरापी सेवा प्रदान गरिरहेछन् । यस थेरापी अन्तर्गत सर्वाङ्ग श्वेदन कार्य, एकाङ्ग श्वेदन कार्य, शिरोधारा थेरापी, हेड-मसाज, सर्वाङ्ग मसाज थेरापी, जानू-कटि-ग्रीवा वस्ती, जलनेती, शूत्रनेती आदि सेवा प्रदान गरिएको छ ।

आयुर्वेद चिकित्सा पद्धतिको चुरो कुरो बुझेका सेवाग्राही त प्रथम चरणमै कविराजका सम्पर्कमा आइहाल्छन् । चाखलाग्दो कुरा त अरु उपचारविधिबाट थाकेका, हरेश खाएका र एक हिसाबले जीवनबाट नै निराश बनेका रोगीहरु समेत उनी कहाँ ठोक्किन आइपुग्छन् । अनि उनी समर्पित भएर तिनको उपचारमा लागिपर्छन् । उनको अनुभव छ- ती अधिकांश निको भएर फर्केका छन् । तिनको श्रव्यदृश्य (



Audio-Visual) सामग्री उनले सुरक्षित राखेका छन् । मूलतः हयीको समस्या, अनियमित मासिक श्राव, असन्तुलित श्वेत रक्तकोष, फोक्सोको समस्या, बाँझोपन, पेट तथा आन्द्राका समस्यामा मन मारिसकेका विरामीलाई उनले नयाँ जीवन दिएका छन् ।

चरक र सुश्रुत दुवै संहिता (शारीरिक रोग विज्ञता र चिरफारबाट गरिने उपचार)को स्वाध्ययनसमेत गरेका वरिष्ठ कविराज निरीक्षक लहेरी खोज अनुसन्धानमा तल्लीन भेटिन्छन् । आयुर्वेद चिकित्सा क्षेत्रका दूरशिक्षा कार्यक्रममा ( रेडियो, टीभी आदि) नियमित सहभागी हुने यी कविराज सन्दर्भपुस्तकको अध्ययनमा धेरै समय खर्चिन्छन् । अनि अध्ययनबाट प्राप्त ज्ञानलाई शीघ्र नै व्यावहारिक जीवनमा उतार्छन् । उनी कहाँ जँचाउन पुगेको बिमारीले धेरजसो बिमारको औषधि आफ्नै घर-कोठेबारी र वनजङ्गलका आसपास पाउँछन् । त्यो उनैले चिनाइदिन्छन्, उपयोगविधि बताइदिन्छन् । केही औषधि अस्पतालबाट निःशुल्क वितरण गरिन्छ । घरपरिवार र वनजङ्गलमा पाइने औषधिजन्य वनस्पति पहिचानका लागि उनले अस्पताल परिसरमा ५२ भन्दा बढी बिरुवा लगाएका छन् । लहेरी आफैंले खोजिमेली रोपण गरेको एकै ठाउँमा यति धेरै जडीबुटीहरुको सङ्कलन सम्भवतः देशभरका कुनै अस्पतालमा छैनन् । यी बिरुवाहरु हुन् :-

अपमार्ग, अश्वगन्धा, असुरो, अडिर, अम्बक, अमला, अर्जुन, अदुवा, अनार, आँक, उखु, कुरिलो (सतावरी), कडिपत्ता, कष्टकारी, कागती, गुर्जो, घिउकुमारी, घण्टीफूल, छोडताप्रे, जेठीमधु, ताप्रे, तेजपत्ता, तुलसी, तीतेपाती, द्रोणपुष्पी, दालचिनी, दुधेझार, दुबो, निर्गुण्डी (सिमाली), नीम, पत्थरचट्टा, पारिजात, पीपल, पुदिना, पुनर्नवा, बर्रो, बेल, बोझो, मधुनाशिनी (Goodmark) मरिच, मेवा (कर्कटसिरङ्गी) मुसली, रुद्राक्ष, लज्जेझार, लक्ष्मणगुठी (घडीफूल), सदाबहार, सर्पगन्धा, सयपत्री, शिष्टझार, हर्रो, हाडजोर आदि ।

यी वनस्पति प्रत्येकको गुण र उपयोगिता बताउँछन् कविराज । उनका अनुसार गुर्जो, असुरो, अमला, बेसार, तुलसी, अश्वगन्धा, अदुवा, दालचिनी, जेठीमधु, टिम्मुर आदिको नियमित सेवनले शरीरको प्रतिरोधक क्षमता वृद्धि हुन्छ र अहिलेका लागि कोरोना कहरसँग समानान्तर जीवन भोग्ने एउटा प्रभावकारी उपाय यो हुन सक्छ । उनले बुद्धआदर्श मावि क्वारेन्टाइनमा बसेका एक सय जनालाई यिनको मिश्रण वितरण गरे । वरिष्ठ कविराज निरीक्षक लहेरी राज्यको नीति अनुसार वर्षभरिमा केही दिन गाउँपालिकाका विद्यालयमा जान्छन् र विद्यार्थीहरुलाई स्वास्थ्य चेतना, आयुर्वेद चिकित्सा पद्धति र स्थानीय जडीबुटीको घरेलु औषधीय उपयोगिताबारे प्रशिक्षण दिन्छन् । विद्यालयबाहिर पनि यस बारेमा विशेष कार्यक्रम सञ्चालन गर्छन् । पालिकाका प्रत्येक वडामा 'स्वस्थ जीवन कार्यक्रम' का शिविर चलाएका छन् उनले । उनको अनुभव र निस्कर्ष छ- स्वस्थ जीवनका लागि प्रथमतः हाम्रो जीवनशैलीमा परिवर्तन ल्याउनुपर्छ ।

यसका लागि योग साधना जरुरी छ । आसन, प्राणायम र ध्यानले शारीरिक र मानसिक दुवै स्वास्थ्यमा सुधार आउँछ । दोस्रोमा खानपानमा सुधार ल्याउनुपर्छ । अर्ग्यानिक खानेकुराको प्रयोग गर्न आवश्यक छ । तेस्रोमा सरसफाइमा समुचित ध्यान पुऱ्याउनुपर्छ । यसपछि पनि रोग लागेमा प्राकृतिक जडीबुटीको उपयोग गर्नुपर्छ । तर, कविराज आममानिसमा स्वास्थ्य चेतना कम भएको महशुस गर्छन् । कम खर्चमा-कतिपय अवस्थामा बिना खर्च) रोक निको पार्ने उनको प्रयासलाई पर्याप्त प्रचार, सहयोग र प्रोत्साहन मिलेको देखिँदैन । तैपनि कुनै गुनासो गर्दैनन् । 'कर्मन्येवाधिकारस्तु ....' पाराले कर्तव्य पूरा गरिरहन्छन् । उनकै प्रयासमा अस्पतालमा दरबन्दी थपिएका वैद्य, सहायक वैद्य र कार्यालय सहयोगीका साथमा वरिष्ठ कविराज निरीक्षक पुरण लहेरी सेवाग्राहीको सेवामा तत्परताका साथ लागिरहन्छन् ।

# उत्कृष्ट पर्यटकीय स्थल पानीटार



इलाम भन्ने बित्तिकै हरित जिल्लाको रुपमा चिनिन्छ, बर्षको बाह्रै महिना इलामका सबै ठाउँ हरियाली नै देख्न सकिन्छ। त्यहाँको मौसम र उर्वरमाटो इलामलाई प्रकृतिले दिएको बरदान हो। देशकै उत्कृष्ट स्थानमध्ये इलाम पर्यटन क्षेत्रको लागि एक उपयुक्त गन्तव्य पनि हो।

कन्याम, श्रीअन्तु, माई पोखरी, सन्दकपुर मुख्य पर्यटकीय स्थानमा पर्छन्। यि ठाउँमा हजारौं पर्यटकहरुले एकपटक मात्र हैन पटक-पटक सो ठाउँमा पुगेर प्राकृतिक आनन्द लिइसकेका छन्। पर्यटकहरुका लागि एकै ठाउँभन्दा फरक-फरक ठाउँमा पुग्ने र त्यहाँका सुन्दर दृष्यलाई नियाल्दै क्यामेरामा कैद गर्ने रहर इच्छा सबैले बनाएका हुन्छन्। तर, छोटो दुरीमा त्यस्तो सुन्दर ठाउँको बारेमा जानकारी प्राप्त नभएर अन्य विविध पक्षलाई व्यवस्था गर्दै चिसो मौसममा रमाउनको लागि मात्र भएपनि श्रीअन्तु, कन्याममा तराईबाट पर्यटकहरु पुग्ने गरेका छन्।

विगतको दिनमा दुरी छोटो भए पनि बाटो र अन्य सुविधा अभावको कारण पर्यटकको नजरमा पर्न सकेनन् अझै धेरै उत्कृष्ठ गन्तव्यहरु ओझेलमा परेका छन्। त्यस्तै ओझेलमा परेका धेरै गन्तव्यहरु क्रमशः भौतिक सुविधासम्पन्न बन्दै जान थालेपछि क्रमशः एकपछि अर्को गर्दै प्रचारमा आउन थालेको अवस्थामा इलाको एक यस्तो गन्तव्यले पनि पर्यटकहरुलाई बोलाइरहेको छ। नयाँ ठाउँ घुम्न जान मनपराउने पर्यटकहरुको लागि साँच्चै भन्नु हो भने इलामको अन्य पर्यटन क्षेत्रको तुलनामा एक नम्बरमै राख्दा कुनै अन्यथा हुँदैन होला। त्यो एक उत्कृष्ट पर्यटन गन्तव्य हो- पानीटार।

**पानीटार कहाँ पर्छ ?**

पनीटार इलाम जिल्लाको देउमाई नगरपालिका वडा नं.३मा पर्दछ, इलामको पुरानो बजार हालको शहर मंगलबारेबाट दुई किलोमिटर आसपासमा पर्दछ।

**पानीटारको विशेषता**

पानीटार पहाडी क्षेत्रमा पर्दछ, त्यहाँको मौसमी अवस्था इलामको श्रीअन्तु र कन्याम जस्तै हो, सँधै चिसो, छिनभरमै घाम एकैछिनमा बादल र कुहिरोले अध्यारो, पानीटर एक आधुनिक र प्रकृतिले कला भरिदिएको चिया बगान हो, यस ठाउँमा दर्जनौ फिल्म, भिडियोहरु छायाँकन भइसकेको रहेछ। दक्षिणमा तराईका क्षेत्र र उत्तरमा कञ्चनजंगा र कुम्भकर्ण हिमाललाई प्रस्ट निहाल्न सकिने उपयुक्त स्थान। पुवामाई टी स्टेट निजी क्षेत्रको १२ सय र चिया तथा कफी विकास बोर्डको दुई सय रोपनी क्षेत्रफलमा फैलिएको चिया बगान र नजिकै सिंहदेवी सामुदायिक बन क्षेत्रमा बनाईएको बनभोज स्थल ले सबैको मन लोभ्याउने छ।

**पानीटारको विकास र प्रवर्द्धन कसरी हुँदैछ ?**

पानीटारलाई देशभरिमा परिचित गराउन र समय अनुकूल आवश्यक पूर्वाधार निर्माण गर्नको लागि पानीटार पर्यटन प्रवर्द्धन विकास केन्द्र नामक संस्था गठन गरिएको छ। हाललाई स्थानीयस्तरमा दर्ता गरेर स्थापना गरिएको भए पनि केन्द्रलाई निकट भविष्यमा वृहत क्षेत्रमा कार्यक्षेत्र बनाएर अघि बढ्ने योजना बनाइएको पानीटार पर्यटन विकास केन्द्रका अध्यक्ष पासाङ शेर्पाले बताए।

पानीटार स्थानीयस्तरमा सीमित राख्ने खालको पर्यटन क्षेत्र होइन, यो क्षेत्र इलाम जिल्लामै सबैभन्दा उत्कृष्ट क्षेत्र बन्न सक्ने भएकाले प्रदेश र संघीय सरकारले यसको विकासको लागि ध्यान दिनुपर्ने आवश्यक रहेकोले आफूहरुले सम्वन्धित निकायमा पानीटारको विकासको योजना माग गर्न जाने तयारी गरेको सचिव झरेन्द्र बरालले जानकारी दिएका छन्।

**कसरी पुग्ने पानीटार ?**

पानीटार पुग्नको लागि मुख्य गरेर तीनवटा बाटाहरु छन्। मेची राजमार्गको नेपालटार, झापाको खुदुनाबारी, झापाकै दमक हुँदै पुग्न सकिन्छ। खुदानाबारी र दमकबाट जाँदा कच्ची बाटो हुँदै जानुपर्छ। खुदुनाबारीबाट जाँदा करिव ६५ किलोमिटर दुरी पर्दोरहेछ भने दमकबाट जाँदा कति दुरी भन्ने यकिन हुन सकेन तर करिव-करिव खुदुनाबारीकै दुरीमा दमकबाट पनि पुग्न सकिँदोरहेछ।

उता मुख्य मार्गमा पर्ने नेपालटारबाट १२ किलोमिटर लामो कालोपत्रे सडक हुँदै पानीटार पुग्न सकिन्छ, त्यसमा मंगलबारेबाट पानीटारसम्मको करिव दुई किलोमिटर बाटो भने कच्ची नै छ, कच्ची भए पनि सबै प्रकारका सवारी साधनहरु सहजै पुर्‍याउन सकिन्छ।

**सो क्षेत्रमा खान बस्न लगायतका सुविधा कस्तो छ ?**

पानीटार जानेले मंगलबारेलाई बासस्थान बनाउनुपर्ने हुन्छ, देउमाई नगरपालिकाको सदरमुकाम मंगलबारे क्षेत्रमा खुलेका दर्जनौ होटल लजहरु समय अनुकूल सुविधासम्पन्न छन्। आधा दर्जन होमस्टेहरु सञ्चालनको तयारीमा रहेको र मंगलबारे पानीटारमा टेलीफोन, इन्टरनेट लयागत तराईका ठूला शहरमा पाइने सबै सुविधाहरु उपलब्ध हुने स्थानीय पर्यटन व्यवसायी मन्त्र कटेजका सञ्चालक सोम राईले जानकारी दिए।

**पानीटार पुग्दा हेर्न सकिने स्थान**

पानीटारलाई मुख्य गन्तव्य बनाएर त्यहाँ पुग्ने पर्यटकहरु कम्तीमा तीन दिनसम्म घुम्ने रमाउने स्थानहरु छन्। पूर्वको एक प्रशिद्ध शक्तिपीठ गजुमुखी मंगलबारेबाट एक घण्टाको सवारी यात्रा गरेर पुग्न सकिन्छ।

त्यसैगरी त्याहाँको आधुनिक किवी खेती, गुफा थुम्की, दाजुभाइ तिनतल्ले झरना, चार सय बर्ष पुरानो ध्वद्रेबर लगायतका स्थानहरु रहेको स्थानीय वडा नं. ३का अध्यक्ष एवम् देउमाई नगरपालिकाका प्रवक्ता दावा शेर्पाले जानकारी दिएका छन्। उनले पानीटार पुग्न बाँकी रहेको दुई किलो मिटर गरी जम्मा २७ किलोमिटर सडकमा कालोपत्रे गर्न ठेक्का लागिसकेको बताए।

**प्रस्तुतिः विनोद पाण्डे/पूर्वाञ्चल**





# मृगौला र फोक्सो पीडितलाई सहयोग

**झिलझिले, कात्तिक २०।** शिवसताक्षी-११ झिलझिलेका मृगौला र फोक्सोका दुई जना बिरामीलाई आर्थिक सहयोग गरिएको छ।

शिवसताक्षी नगरपालिकाबाट विभिन्न कामले हङकङमा बसेका नेपालीले दुवै बिरामीलाई आर्थिक सहयोग गरेका हुन्। उपचार गर्ने पैसा नभएर जीवनमरणको दोसाँधमा रहेकी स्थानीय भीमकुमारी मगर र फोक्सोमा समस्या भएका शिवसताक्षी-११का विश्वनाथ न्यौपानेलाई हङकङमा रहेका नेपालीहरुले संकलन गरेको आर्थिक सहयोग प्रदान गरिएको हो।

शिवसताक्षी-११का टेकबहादुर (अशोक) राई र अमिर म्यानाङ्वोको नेतृत्वमा युवाको समूहले रकम संकलन गरेको थियो। शिवसताक्षी हङकङ समाजले दुबै रोगका पीडितलाई आर्थिक सहयोग गरेको शिवसताक्षी-११का वडा अध्यक्ष भैरवकुमार श्रेष्ठले बताए। भीमकुमारी र विश्वनाथले जनही ५० हजारका दरले आर्थिक सहयोग पाएका हुन्। भीमकुमारीको काठमाडौंको सुमेरु अस्पतालमा उपचार भइरहेको छ भने विश्वनाथको विराटनगरको नोवेल मेडिकल कलेजमा उपचार भइरहेको छ।

दुबै जनाको उपचारमा आर्थिक समस्या भएपछि परिवारले सहयोगको अपिल गरेको थियो। विदेश तथा स्वदेशमा रहेका शिवसताक्षीका युवाले भीमकुमारी/बिश्वनाथ बचाउ अभियान नै सञ्चालन गरेर आर्थिक सहयोग संकलन गरिरहेका छन्। अभियन्ताले मन खोलेर गरिवीका कारण उपचार गर्न नपाएका दुबै पीडितलाई आर्थिक सहयोग गर्न अनुरोध गरेका छन्।

हङकङमा बस्ने हेमन्त राई, किरण राई, याम लिम्बू, विनोद राई, बलबहादुर, अर्जुन गुरुङ, टेक पुन, भीम गुरुङ्ग, दीप राई, विवेक गुरुङ्ग, निशान गुरुङ, नितेस गुरुङ, तुला गुरुङ, राजु पुन, दिनेश राना, भरत राई, चन्द्र राना, लक्ष्मण लामा, खगेन्द्र राई, निर्जीत राई, प्रकाश थुलुङ, पवित्रा राई, दिवस थाम्सुहाङ, नवीन सुहाङ, तिलविक्रम लिम्बू, आईत फेम्वो, गौरव कँडेल र टेकबहादुर राईले रकम पठाएका थिए।

शिवसताक्षी-११का अध्यक्ष भैरवकुमार श्रेष्ठ, सेभेनसिज ईलिंस बोर्डिङ स्कुलका प्रिन्सिपल दीपक कडरिया, समाजसेवी ज्ञानेन्द्रवहादुर न्यौपाने, पदमप्रसाद गौतम, सुशील न्यौपाने लगायतको सहभागितामा पीडितलाई रकम प्रदान गरिएको थियो। हङकङमा रहेका टेकबहादुरले भने- मृगौला र फोक्सोका पीडितलाई उपचारमा केही भए पनि राहत पुगोस् भनेर स्वदेश तथा विदेशमा रहेका नेपालीहरुको सहयोगमा रकम संकलन गरिएको हो। आर्थिक सहयोग पाएका न्यौपानेले रकम अभावका कारण उपचार गर्न नपाएको बताउँदै रकम पाएपछि नोवेल अस्पताल विराटनगर गएर थप उपचार गर्ने बताए।

# पितृको स्मृतिमा वृद्धवृद्धालाई सहयोग

**बिर्तामोड, कात्तिक २०।** आफ्ना पितृहरुको स्मृतिमा बिर्तामोड-२ चारपानेका नेपाल परिवारले शिवसताक्षी-१० माइधारस्थित लक्ष्मीनारायण मन्दिर जगद्गुरु योगीराज कमलनयनाचार्य आश्रममा रहेका वृद्धवृद्धालाई न्यानो कपडा, सिरक, खाद्यान्न, फलफूल बितरण गरेका छन्।

चारपानेका पिताम्वर नेपाल, उनकी श्रीमती संगीता, भाइ देवेन्द्र, समीक्षा, पवनकला र छोरा बिप्लव नेपाललगायतले वृद्धवृद्धालाई उक्त सामग्री वितरण गरेका हुन्। वृद्धवृद्धा भनेका ज्युँदा देवता हुन्, उनीहरुलाई घृणा होइन माया, सम्मान गर्नुपर्छ भन्ने उद्देश्यले आफ्ना पितृहरुको स्मृतिमा वृद्धवृद्धालाई उक्त सामग्री वितरण गरेको पिताम्वर नेपालले बताए।

जाडो शुरु भएसँगै न्यानो कपडाको अभावमा कष्टकर जीवनयापन गर्दै आएका उनीहरुलाई आफूहरुले वितरण गरेको सामग्रीले थोरै भएपनि राहत मिल्ने नेपालले बताए। सामग्री वितरण गर्न आएका नेपाल परिवारलाई वृद्धवृद्धाले खुशी हुँदै आशिर्वाद दिएका थिए।

## सच्याइएको



कुमार भट्टराई

विहीवार पृष्ठ २मा प्रकाशित 'के पुरुष यौन हिंसामा पर्दैनन् ?' शीर्षकको कुमार भट्टराईको लेखमा असावधानीवस लेखकको फोटो अन्यथा पर्न गएकोले क्षमायाचनासहित सच्याइएको छ। स.


## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## डिलर तथा होलसेल आवश्यकता

एक सेन्टरी प्याड उत्पादन गर्ने कम्पनीलाई होलसेलर तथा डिलर चाहियो।

कञ्चनजंघा हस्पिटल इ. प्रा.लि.
९८०१४२४०१३, ९८०१४२३६४३
अर्जुनधारा-०६, झापा

## अर्जेन्ट कर्मचारी आवश्यकता

शिलवाल इञ्जिनियरीङ वर्कसप झिलझिलेलाई दुई जना दक्ष तथा इमान्दारी लेथ मेसिन चलाउन सक्ने एक जना कर्मचारी आवश्यक परेकाले मेसिनरी सम्बन्धी ज्ञान भएकाले तुरुन्त सम्पर्क राख्नु होला।

पद : लेथ मिस्त्री १ जना
गृह मिस्त्री १ जना
कार्य क्षेत्र : झिलझिले

*नोटः लेथ मिस्त्री सम्बन्धी ज्ञान भएको तथा दुबै काममा लागि दक्ष हुनुपर्नेछ।*

प्रो. रमेश शिलवाल
मो. नं. ९८०४९५९१४७/९८६२६७६४५९

## सेक्युरिटी गार्ड चाहियो

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला।

भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस्।

उमेर : २६ देखि ४८ सम्म
सम्पर्क : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)


## अर्जुनधारा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा प्रदेश नं. १ नेपाल

### सँधियारको नाममा जारी गरिएको सात दिने सूचना

अर्जुनधारा नगरपालिका वडा नं. ६ बस्ने कल्पना काम्वाङ्ग निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को उपदफा 'क' प्रयोजनका लागि यो सात दिने सूचना प्रकाशित गरिएको छ।

तपशिल
१) पूर्वतर्फ श्री देविका आचार्य दाहाल
२) पश्चिमतर्फ सडक
३) उत्तरतर्फ श्री हरिप्रसाद लावती, टीकादेवी श्रेष्ठ
४) दक्षिणतर्फ सडक

| जग्गा रहेको स्थान | कि.नं. | क्षेत्रफल | सर्जमिन | प्रकाशित |
|---|---|---|---|---|
| अर्जुनधारा-६ | ५२३२, ५२२६ | ०-०-८.२५, ०-०-१.७५ | २०७७।०७।१९ | २०७७।७।२१ |


## टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला।

मो. ९८१५९५२४९९, ९८४१३२१४६४

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४


## कम्पनीको नाम परिवर्तन भएको सूचना

*पहिलोपटक प्रकाशित मिति : २०७७/०७/२१*

यस कम्पनीको मिति २०७७/०५/०५ मा सम्पन्न एकल शेयर धनीको विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनी घिमिरे अटो एण्ड इन्भेष्टमेन्ट प्रा.लि.को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तन नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजीष्ट्रारको कार्यालयको निर्णय अनुसार कम्पनीको नाम परिवर्तित गरी जि.वि.मल्टिपर्पोज ग्रुप प्रा.लि. कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## नियमित कुखुरा विक्रीमा

हामी आफैले उत्पादन गरेको कुखुरा हरेक हप्ता ५०० वटा ब्रोइलर र १०० वटा लोकल नियमित रुपमा लिन चाहनेले सम्पर्क गर्नुहोला।

**गन्धारी एग्रोफर्म**
अर्जुनधारा-४, झापा
९८१७४०३३५४, ९८१५०८०३९१, ९८४१२९८५८३

## जाँड रक्सी सजिलो सँग छुटाइन्छ यौवन उपचार

तपाईंमा भएको यौवन कमजोरी, पिनास, दम, खोकी, यूरिक एसिड **पायल्स फिस्टुला फिसर,** ग्याष्ट्रिक, अल्सर, महिलाको महिनावारी गडबढी पाठेघरको समस्याहरु सेतोपानी बग्ने, पथरिया, पिनास सबै उपचार हुन्छ। *(जाडरक्सी १०० प्रतिशत छुटाइन्छ।)*

*दैनिक अनुभव वैध, कविराजबाट जाँच साथै प्रत्येक शनिबार डाक्टरबाट जाँच हुनेछ।*

**फाल्गुनन्द आयूर्वेद फार्मेसी सेवा**
शनिश्चरेरोड, ट्याक्सी स्टेण्ड बिर्तामोड, झापा
(फोनः ९८४२६४३६१८/९८०७९९४८८०)

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ।



सम्पर्कः भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। दिगो काम प्रारम्भ हुनेछ। तर आज उठेको रकम तत्काल खर्चनुपर्ला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** श्रमको उचित मूल्यांकन भए पनि प्रतिफलका लागि समय पर्खनुपर्नेछ। आँटेको कामको लगानी अरूकै लागि खर्च हुन सक्छ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** सरसापटमा धन बाहिरिने देखिन्छ। आम्दानी रोकिनाले कर्जा लिनुपर्ने हुन सक्छ। लगानीका रूपमा सञ्चित धन उपयोग गर्दा लाभ हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** नयाँ कामले नाम र दाम दिलाउनेछ। कर्मक्षेत्रमा गरिएको साधना सिद्ध हुनेछ। मिहिनेतले सजिलै लक्ष्यमा पुऱ्याउनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ। व्यवसायमा सोचेको प्रगति हुनेछ। कर्मयोगले मानसम्मान समेत दिलाउन सक्छ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** सम्भावना देखिए पनि सोचेजति फाइदा नहुन सक्छ। उपलब्धिका लागि समय प्रतीक्षा गर्नुपर्ला। धार्मिक र सेवामूलक काममा प्रवृत्त भइनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** आफूलाई तत्काल फाइदा नदेखिए पनि अरूको उपकार गर्न सकिनेछ। साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** विवादास्पद काम गर्नुपरे पनि मिहिनेतले लाभ हुने काम प्रारम्भ हुनेछ। दोहोऱ्याएर प्रयत्न गर्दा रोकिएको काम बन्नेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** अनायासै शरीर कमजोर बन्नाले चिताएको काममा जुट्न नसकिएला। साथ दिनेहरू नहुँदा दुःख पाइनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बाध्यताले अप्ठ्यारो पार्न सक्छ। सामान्य काममा धन र श्रम खर्च हुनेछ। आफ्नो गोपनीयता भंग हुनाले समस्यामा परिनेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** सहयोगीहरू पछि हट्नेछन् भने कमजोरीको फाइदा अरूले उठाउन सक्छन्। स्वास्थ्यका लागि व्यायाम र आहारविहारमा ध्यान पुऱ्याउनुहोला।